नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गाईघाट, उदयपुर

☎ ०३५-४२०१३३, ०३५-४२०१३२, ०३५-४२०१३१, ०३५-४२०७८७
प्रदेश नं.१, नेपाल

पत्र संख्याः-
चलानी नम्बरः-

## उदयपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी गरिएको आदेश
## आदेश जारी मितिः २०७८-०२-१४

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ प्रकारको कोभिड-१९ को संक्रमणको प्रभावकारी नियन्त्रण र रोकथामका लागि यस पूर्व मिति २०७८/०२/१४ गते राती १२:०० बजेसम्मका लागि जारी गरिएको आदेशलाई निरन्तरता दिने भनी जिल्ला कोभिड व्यवस्थापन समिति उदयपुरको मिति २०७८/०२/१३ गतेको निर्णय समेतका आधारमा कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफ ६(३) ले दिएको अधिकारको प्रयोग गरी उदयपुर जिल्लाभर मिति २०७८/०२/१४ गते राती १२:०० बजेदेखि मिति २०७८/०२/२१ गते राती १२:०० बजेसम्म लागू हुने गरी देहाय बमोजिमको निषेध आदेशलाई निरन्तरता दिइएको छ । यो आदेशको पालना गर्नु गराउनु सम्बद्ध सबैको कर्तव्य हुनेछ । कोही कसैले यो आदेशको बर्खिलाप हुने गरी काम कारवाही गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सबैलाई जानकारी गराईन्छ ।

देहाय

### निषेधित कार्यहरु (गर्न नहुने कार्यहरु)

क. सार्वजनिक आवागमन, भेला, जमघट, समारोह सम्बन्धी

१. औषधी खरिद, अस्पताल आवत-जावत, बिरामी कुरुवा, मृत्यु संस्कार तथा आपतकालिन अवस्थामा बाहेक घर कम्पाउण्ड बाहिर हिँडडुल गर्न नपाइने,

२. अत्यावश्यक कार्य गर्ने सरकारी कार्यालय तथा संस्थानहरु बाहेक अन्य सम्पूर्ण सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थाहरु सञ्चालन गर्न नपाइने,

३. सार्वजनिक खेलकुद, नाच, मेला, जात्रा, महोत्सव, भोजभतेर र हाटबजार तथा भीडभाड हुने कार्यक्रमको आयोजना तथा सञ्चालन गर्न नपाइने,

४. विवाह, व्रतबन्ध, पास्नी, जन्मोत्सव, मन्दिर, गुम्बा, चैत्य, बिहार, मस्जिद, चर्च आदिमा सामूहिक भेला हुन, सामूहिक रुपमा आश्रय लिइ बस्न तथा सामूहिक भेला हुने खालका कुनै किसिमका कार्यक्रम गर्न नपाइने,

५. कुनै पनि प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, मानिसहरु भेला हुन, जुलुश वा प्रदर्शन जस्ता कार्य गर्न गराउन नपाइने,

६. रङ्गशाला, खेलकुदस्थल, मनोरन्जन स्थल, कवर्ड हल, फुटसल, शारीरिक सुगठन गर्ने स्थल, स्वीमिङ्ग पुल तथा जिमखाना, फिटनेस सेन्टर, सामूहिक खेलकुद, पार्टी प्यालेस, सैलुन तथा ब्युटिपार्लरहरु सञ्चालन गर्न नपाइने,

७. विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र लगायतका संस्थामा विद्यार्थी/शिक्षक भौतिक रुपमा भेला भई/गराई सिकाइ गतिविधि संचालन गर्न नपाइने ।

ख. सार्वजनिक तथा निजी सवारी संचालन सम्बन्धमा

१. सार्वजनिक तथा निजी यात्रुवाहक सवारी साधन संचालन गर्न नपाइने ।

२. तोकिएको स्वास्थ्य सुरक्षा मापदण्ड पालना नगरी/नगराई संचालन अनुमति प्राप्त सवारी साधन समेत प्रयोग तथा सञ्चालन गर्न नपाइने ।

तुलसी राम सेढाई
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गाईघाट, उदयपुर

☎ ०३५-४२०१३३, ०३५-४२०१३२, ०३५-४२०१३१, ०३५-४२०७८७

प्रदेश नं.१, नेपाल

पत्र संख्याः-
चलानी नम्बरः-

## गर्न पाइने कार्यहरु

१. औषधी खरिद, अस्पताल, बिरामी कुरुवा, मृत्यु संस्कार तथा आपतकालिन अवस्थामा तोकिएको स्थानमा मात्र आवत-जावत गर्न पाइने ।

२. अत्यावश्यक सेवाहरु जस्तैः एम्बुलेन्स, खानेपानी, स्वास्थ्य, पट्रोलियम पदार्थ, खाद्यान्न, तरकारी, फलफूल, दूध तथा दुग्धजन्य पदार्थ, दूरसंचार, इन्टरनेट, क्वारेन्टिन, आइसोलेशन, कुरियर, डाँक, फोहरमैला व्यवस्थापन लगायतका सेवाहरु मात्र संचालन गर्न पाउने ।

३. अत्यावश्यक कार्य गर्ने सरकारी कार्यालय तथा संस्थानहरुका कर्मचारीहरुका लागि सरकारी वा निजी सवारी साधनहरुमा पोशाक तथा परिचयपत्र साथ कार्यालय आवत-जावत गर्न पाउने ।

४. संचारकर्मी, पत्रकारहरुको हकमा सूचना संकलन र सम्प्रेषण गर्न सूचना विभागले जारी गरेको परिचय पत्र वा सम्बन्धित संचार गृहको परिचय पत्रको आधारमा आवत जावत गर्ने ।

५. खाद्य सामाग्री ढुवानीका लागि बिल भरपाई तथा अन्य आवश्यक कागजातका आधारमा बेलुका ५:०० बजेदेखि ९:०० बजेसम्म ढुवानीका साधन प्रयोग गर्ने ।

६. निर्माण सामाग्री ढुवानीका लागि सम्वन्धित आयोजना वा कार्यालयको आधिकारिक पत्र तथा आवश्यक बिल भरपाई तथा कागजातका आधारमा बेलुका ५:०० बजेदेखि ९:०० बजेसम्म ढुवानीका साधन प्रयोग गर्ने ।

७. माथि उल्लेखित बाहेक अन्य अत्यावश्यक काम (अस्पतालमा आउने जाने बिरामी र कुरुवा, मृत्यु संस्कारमा अनिवार्य रुपमा सहभागी हुनुपर्ने) का लागि सवारी साधन प्रयोग गर्नु परेमा प्रमुख जिल्ला अधिकारीबाट जारी हुने अनुमति पत्र लिनु पर्ने । अनुमति माग्दा निवेदन, स्थानीय तहको सिफारिस र अस्पतालको कागजात समेत पेश गर्नु पर्नेछ ।

## अत्यावश्यक खाद्य सामग्री सम्बन्धमा

खाद्य सामग्री, तरकारी, फलफूल, अण्डा, कुखुरा, माछा तथा मासुको पसल व्यवसाय र औषधि (भेटनरी समेत) बाहेक अन्य पसल व्यवसाय हाललाई बन्द गर्ने । संचालन गर्न पाइने पसल व्यवसाय नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गर्ने गराउने गरी बिहान ७:०० देखि ९:०० बजेसम्म मात्र खुल्ला गर्ने ।

## अन्य विषय

१. कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ बमोजिम माथिको निषेधाज्ञाको आदेश उल्लंघन गर्ने व्यक्तिलाई रु. १,००,०००/- (एक लाख) सम्म र संस्थाको हकमा रु. ५,००,०००/- (पाँच लाख) सम्म जरिवाना गरिने समेत जानकारीका लागि अनुरोध छ । साथै सुरक्षाकर्मीले तत्कालै गर्न सक्ने जरिवाना निम्नानुसार हुने समेत सूचित गरिन्छ ।

क. मास्क नलगाई हिंडडुल गर्नेलाई पटकैपिच्छे रु. १००/-

ख. अत्यावश्यक नभई वा अनुमति नलिई गुड्ने दुई पाङ्ग्रे सवारी साधनलाई पटकैपिच्छे रु. २,०००/- र चार पाङ्ग्रे सवारी साधनलाई पटकैपिच्छे रु. ५,०००/-

२. यस जिल्लामा प्रवेश गर्ने व्यक्तिहरुले अनिवार्य रुपमा स्थानीय तहले तोकेको क्वारेन्टिन र होम आइसोलेसनमा बस्नु पर्ने । माथि उल्लेखित आदेशका साथै नेपाल सरकार मन्त्रिपरिषद्बाट कोभिड-१९ को नियन्त्रण सम्बन्धी कुनै आदेश जारी भएमा सोही बमोजिम हुनेछ ।

तुलसी राम सेडाई
प्रमुख जिल्ला अधिकारी

इमेल : cdoudayapur@gmail.com वेबसाइट : http://daoudayapur.moha.gov.np